नेपाल सरकार

# आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

सानेपा, ललितपुर

प. स.: ०८२/८३
च.नं :

मिति : २०८२/०९/१४

## तमु ल्होसारको मंगलमय शुभकामना

तमु (गुरुङ) समुदायको नयाँ वर्षको सांस्कृतिक पर्व ***'तमु ल्होसार'* त ल्हो (घोडा वर्ग)** पौष १५ को शुभ अवसरमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट नेपाल तथा विदेशमा रहनु हुने सम्पूर्ण तमु समुदायका नागरिकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तमु पात्रो अनुसार यस वर्ष त ल्हो (घोडा वर्ग) प्रारम्भ भएको छ । तमु ल्होसारले नयाँ वर्षको सुरुआतसँगै शान्ति, समृद्धि, सद्भाव तथा सामूहिक कल्याणको सन्देश प्रवाह गर्दछ । यस पर्वले तमु समुदायको समृद्ध सांस्कृतिक परम्परा, आदिवासी ज्ञान प्रणाली, सामाजिक मूल्य-मान्यता तथा ऐतिहासिक पहिचानको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

यस्ता मौलिक सांस्कृतिक पर्वहरूको संरक्षण र संवर्द्धनले नेपालको बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्रिय पहिचानलाई सुदृढ बनाउनुका साथै सामाजिक सद्भाव, राष्ट्रिय एकता र सह-अस्तित्वको भावनालाई प्रवर्द्धन गर्दछ । तमु ल्होसारको अवसरमा आयोजना हुने विविध सांस्कृतिक कार्यक्रमहरूले भावी पुस्तामा मौलिक संस्कृति हस्तान्तरण गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यस पावन अवसरमा त ल्हो (घोडा वर्ग) ले सम्पूर्ण नागरिकमा शान्ति, सु-स्वास्थ्य, समृद्धि र समुन्नति ल्याओस् भन्ने कामना गर्दछु । नयाँ वर्षले सामाजिक सद्भाव, राष्ट्रिय एकता तथा समावेशी विकासको मार्गमा सबैलाई प्रेरित गरोस् भन्ने अपेक्षा व्यक्त गर्दछु ।

(रेसम गुरूङ)

उपाध्यक्ष